नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय,कृष्णनगर

फोन:- ०७६-५२००३१
०७६-५२६३२
फ्याक्स:०७६-५२०१००
ईमेल: iro30@ird.gov.np

प.सं.२०७७/०७८
च.नं. ९५८

मितिः २०७७/०९/२०

बिषयः आर्थिक ऐन, २०७७ को दफा २० र २१ बमोजिमको छुट तथा सुविधा (स्कीम) सम्बन्धमा ।

श्री कृष्णनगर नगरपालिका
श्री महाराजगंज नगरपालिका
श्री शिवराज नगरपालिका
श्री विजयनगर गाउँपालिका

महाराजगंज नगरपालिका
दर्ता नं. ५२८६
दर्ता मिति ०७७/१०/६

आर्थिक ऐन, २०७७ को दफा २० ले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको व्यक्तिलाई र दफा २१ ले स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र लिई आय विवरण पेश नगर्ने करदाताहरूलाई तपशिलमा उल्लेख भए बमोजिमको छुट तथा सुविधा (स्कीम) प्रदान गरेको छ । ऐ. ऐनको दफा २१ बमोजिमको छुट तथा सुविधा (स्कीम) पाउने तहाँ स्थानीय तह अन्तर्गतका सम्भावित करदाताहरूको नामावली यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । संवत् २०७७ फाल्गुन मसान्तसम्म तपशिलमा उल्लेख भएबमोजिम कर तथा विवरण दाखिला गरी आन्तरिक राजस्व कार्यालय, कृष्णनगरमा निवेदन दिई छुट तथा सुविधा (स्कीम) को उपभोग गर्न पाउने भएकोले तहाँ स्थानीय तह अन्तर्गतका करदातालाई कानून बमोजिमको सुविधा उपभोग गर्ने प्रयोजनको लागि आवश्यक सूचना सम्प्रेषण गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।

तपशिलः

*दफा (२०) करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिन्हा दिइने*

*(१) कुनै पनि व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक बर्ष २०७४/०७५ र २०७५/०७६ को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर सम्बत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सो वापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुनेछ ।*

*(२) उपदफा (१) बमोजिम आय विवरण र कर बुझाएमा सोभन्दा अघिका आर्थिक बर्षहरूको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनुपर्ने छैन ।*

*(३) उपदफा (१) बमोजिम आय विवरण सहित कर दाखिला नगर्ने व्यक्तिसँग आय आर्जन गरेको अवधिको आय विवरण दाखिला गर्न लगाई तिर्नु पर्ने कर, शुल्क तथा ब्याज असुल गरिनेछ ।*

*दफा (२१) थप दस्तुर, शुल्क, ब्याज तथा जरिवाना मिन्हा हुने*

*(१) स्थायी लेखा नम्बर लिई आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रूपैयाँसम्मको कारोबार गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७३/०७४, २०७४/०७५ र २०७५/०७६ को आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम संबत् २०७७ साल फाल्गुन मसान्तसम्म बुझाएमा सोभन्दा अघिका बर्षहरूको आय विवरण पेश गर्नु पर्ने छैन र त्यस्तो आयमा लाग्ने कर, शुल्क तथा बाँकी ब्याज मिन्हा हुनेछ ।*

*(२) स्थायी लेखा नम्बर लिई आर्थिक बर्ष २०७३/०७४ वा सो भन्दा अघिको आय विवरण पेश नगर्ने बार्षिक पचास लाख रूपैयाभन्दा बढीको कारोबार गर्ने प्राकृतिक व्यक्ति वा निकायले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने*

प्रमुख कर अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय,कृष्णनगर

फोनः- ०७६-५२००३२
०७६-५२६३२
फ्याक्सः०७६-५२०९००
ईमेलः iro30@ird.gov.np

प.सं.२०७७/०७८
च.नं.

ब्याजको पच्चीस प्रतिशतले हुने रकम संवत् २०७७ साल फाल्गुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिन्हा हुनेछ ।

(३) सवत् २०७५ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम संवत् २०७७ साल फाल्गुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा ब्याज मिन्हा हुनेछ ।

(४) उपदफा (३) मा उल्लेखित अवधिभित्र मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातामध्ये सम्वत् २०७३ साल असारसम्मको कर विवरण पेश नगर्ने करदाताको दर्ता स्वतः खारेज हुनेछ ।

(५) उपदफा (४) बमोजिम दर्ता खारेज भएका करदाताले पेश गर्नुपर्ने कर विवरण ढिला पेश गरेका वा कर विवरण पेश नगरेको कारणले लाग्ने जरिवाना मिन्हा हुनेछ ।

(६) उपदफा (५) बमोजिमको बक्यौता बाहेक अन्य कर बक्यौता रहेका करदाताको त्यस्तो बक्यौता रकमको अभिलेख कायम गरी असुल गरिनेछ ।

.............................
(दिनेश पाण्डे)
प्रमुख कर अधिकृत

प्रमुख कर अधिकृत